# लिखु तामाकोशी गाउँपालिका


**स्थानीय राजपत्र**

खण्डः७ संख्याः८ मितिः २०८०\०३\०८


**भाग–२**

## लिखु तामाकोशी गाउँपालिका

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८०

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८०

लिखु तामाकोशी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८०

## १. परिचय

नेपाल सरकारले मानवअधिकारसँग सम्वन्धित प्रमुख नौ वटा महासन्धीमध्ये सातवटामा आफ्नो प्रतिवद्धता जनाएको छ । जसमा नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्वन्धी महासन्धी १९७९, सबै प्रकारका जातिय भेदभाव उन्मुलन गर्ने सम्वन्धी महासन्धी १९६५, यातना तथा अन्य क्रुर, अमानविय र अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८९, बाल अधिकार महासन्धि १९८९, अपाङ्गता सन्वन्धि अन्तर्राष्ट्रिय महासन्धी रहेका छन् । नेपालले अन्तरराष्ट्रिय महिला सम्मेलनमा सहभागिता जनाएको छ र त्यसको कार्यनीतिको कार्यान्वयनमा जोड दिदै आएको छ । लैंगिक हिंसा, यु एन रिजोलुसन १३२५, १८२०, बेइजिड सम्मेलनका सिफारिसहरुको कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजनाको समेत निर्माण गरी अन्तरराष्ट्रिय व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक पहलहरु गरिएको छ । अन्तरराष्ट्रिय दस्तावेजहरुमा भएका व्यवस्थाहरुको कार्यान्वयनका लागि राष्ट्रिय तहमा संविधान र कानुनहरुमा समेत आवश्यक व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को प्रस्तावना सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिवद्धता गरिएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई संविधानको प्रस्तावनामै आत्मसात गरिएको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने प्रतिवद्धता सहित आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प संविधानको प्रस्तावनामा गरिएको छ ।

नेपालको संविधान २०७२ मा मौलिक हक (भाग ३) मा सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, शोषण विरुद्धको हक, महिलाको हक, वालवालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक र भाषा तथा संस्कृतिको हक लगायतका हकहरुको सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व (भाग ४) मा सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति र सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति लगायतका नीतिहरुको व्यवस्था अवलम्वन गरिएको छ । नेपाल संविधान २०७२ मा  राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगलाई संवैधानिक आयोगहरुको व्यवस्था गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रवर्धनका लागि आवश्यक संवैधानिक संरचनाको व्यवस्था गरिएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति (१९९१), मानव बेचबिखनविरुद्ध  राष्ट्रिय कार्ययोजना (खासगरी महिला र बालबालिकाको बेचबिखन) २०१२, अशक्ततासम्बन्धी राष्ट्रिय नीति  तथा कार्ययोजना, २००६, गुणस्तरीय शिक्षाका लागि  बालमैत्री  विद्यालयसम्बन्धी राष्ट्रिय  रूपरेखा २०६७ (२०१०), राष्ट्रिय युवा नीति, २०७२, युथ भिजन २०२५, स्थानिय निकाय स्रोत परिचालन निर्देशिका २०६९, श्रमजीवी महिलाहरुप्रति डान्स, रेष्टुरेन्ट जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्ने निर्देशिका २०६५, लैङ्गिक समानता  तथा महिलाको सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना २०६१, लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तिकरण सम्बन्धी राष्टिय रणनीति र कार्ययोजना २०६९\२०७०–२०७३\२०७४, महिलाविरुद्धका सबै प्रकारका विभेद निर्मूलनसम्बन्धी महासन्धिसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०, लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं.  १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना

(२०११÷१२–२०१६÷१७) लगायतका व्यवस्थाहरुले पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रवर्धनका लागि राज्यका तर्फबाट भएका थप प्रतिवद्धताहरुलाई जनाउँदछ। वर्तमान १५ औं योजनाले सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधारका रुपमा प्रस्तुत गरेको छ। योजनाको आधारपत्रमा समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरा उल्लेख गरिएको छ।

लिखु तामाकोशी गाउँपालिकाले रोजगारमुखी समावेशी विकास, पिछडिएको जातीय समुदाय तथा भौगोलिक क्षेत्रको विकासलाई नीति तथा कार्यक्रममार्फत् विशेष प्राथमिकता दिँदै आएको छ। महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न तथा असहाय वर्गको हितलाई नीति तथा कार्यक्रमअन्तरगत समावेश गरेको देखिन्छ। गाउँपालिकाले सुरक्षित मातृत्व, आधारभूत स्वास्थ्य सेवामा पहुँच, पोषणको अवस्थामा सुधार, सफा टोल, गुणस्तरीय आधारभूत शिक्षा तथा स्वास्थ्य सेवा, दण्डरहित शिक्षा, र लक्षित वर्गको हितलाई समृद्ध लिखु तामाकोशीको आधारका रुपमा लिएको छ। साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पताको संरक्षण, संवर्द्धन र विकास गर्ने दिशामा स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारीका रुपमा लिई लिखु तामाकोशी क्षेत्र लगायतका सम्पदाको चौतर्फी विकास र प्रचार प्रसारमार्फत् स्थानीय संस्कृतिलाई जीवन्त राख्दै पर्यटनको विकासमा टेवा पु¥याउन पहल गरिएको छ। लिखु तामाकोशी गाउँपालिकाको समृद्धिका लागि शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चुनौती पहिचान गरिएको छ।

लिखु तामाकोशी गाउँपालिकाको सन्दर्भमा सामाजिक वञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षौंदेखि जातजाति,जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरुको अवस्थालाई चित्रण गर्दछ। सामाजिक वञ्चितीकरणमा परेका समूहहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, उमेर (सोह्र वर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका ज्येष्ठ नागरिक), अपाङ्गता भएका ब्यक्तिहरु तथा भौगालिक रुपले दुर्गम क्षेत्रमा बसेका जनतालाई लिइएको छ।

लिखु तामाकोशी गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक गाउँपालिका हो। प्रत्येक समुदाय,जातजातिहरुको समानुपातिक ,सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै गाउँपालिकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ। हाम्रो समाजमा विद्यमान लैङ्गिक,जातीय असमानता, विभेदयुतm व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न लिखु तामाकोशी गाउँपालिकाद्धारा सरकारी, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु हुदै आइरहेका छन्।

लिखु तामाकोशी गाँउपालिकाकाले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्म साथ गर्दै वर्गीय जातीय, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्ने, लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक गाँउपालिकाको निर्माण गर्ने सङ्कल्प गर्दै, गाँउपालिकामा वसोवास गर्ने सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदीवासी जनजाती, उत्पिडित, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असक्त वा असहाय, आर्थिकरुपले विपन्न नागरिकहरुको संरक्षण, सशक्तिकरण वा विकास परिकल्पनाको साथ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७ लाई पारित गरी जारी गर्दछ।

## २. गाँउपालिकामा लैससासको अवस्था

लैससास सम्वन्धी अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस गाउँपालिकामा लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखिएको छ । गाँउपालिकामा अपाङ्गता सम्वन्धी कार्यविधीको व्यवस्था छ । गाउँपालिकास्तरीय तथा वडास्तरिय बाल क्लव सञ्जाल, महिला संजाल, अपाङ्गता संजाल, समावेशी कृषक संजालहरु रहेको छन् । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरीएको छ । लैससाससँग सम्वन्धित सवालहरुलाई हेर्ने गरी गाउँपालिकामा महिला तथा बालवालिका शाखा रहेको छ । अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुका लागि परिचय पत्र वितरण गरिएको छ । हिंसाजन्य घटना पिडितको लागि गाउँपालिकास्तरबाट सहयोगको व्यवस्था भइरहेको छ । महिला तथा सामाजिक वा आर्थिक रुपमा वहिष्करणमा रहेका नागरिकहरुका लागि सशक्तिकरण कार्यक्रमहरु संचालन गरिएका छन् । वेचविखनको जोखिममा रहेका महिला तथा वालवालिकाहरुको सुरक्षाका लागि कार्यक्रमहरु संचालन गरिएका छन् ।

## ३. लैससासको नीतिको आवश्यकता

लैससासको क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, वालवालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्ग लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरुको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकेको छैन । सबै लक्षित वर्गहरुलाई संगठित गर्न सकिएको अवस्था छैन । लक्षित वर्गमा अधिकार र विद्यमान कानुनी व्यवस्थाहरुको सम्बन्धमा जानकारीको कमी रहेको छ । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता हुन सकेको छैन् । प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैन । दलितहरुमाथी हुने जातिय छुवाछुत लगायतका भेदभाव कायमै रहेको छ । बालश्रम तथा बालविवाहको अभ्यास कायम रहेको छ । गाँउपालिका तहमा लैससासलाई नीतिगत रुपमा सम्वोधन गर्दै संरचना, कार्यक्रम र अभ्यासमा लैससासमैत्री अभ्यासलाई अवलम्वन गर्नका लागि लैससास नीतिको आवश्यकता रहेको छ ।

## ४. सोच, लक्ष्य र उद्देश्यहरु

### ४.१ सोचः

भेदभावमुक्त, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

### ४.२ लक्ष्यः

लैंङ्गिक, जातिय, वर्गिय सशक्तिकरण र मुलप्रवाहिकरण गर्दै सबै खालका विभेद र हिंसाको अन्त्य गर्ने ।

### ४.३ उद्देश्यहरुः

क) सामाजिक वा आर्थिक रुपमा वञ्चितिकरणमा रहेका समुहहरुको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरण र आधारभुत अधिकारहरुको सुनिश्चित गर्ने ।

ख) लैङ्गिकता, जात आदीका आधारमा हुने हिंसा, भेदभाव र वहिस्करणको अन्त्य गर्ने ।

ग) राजनैतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिला र सामाजिक तथा आर्थिक रुपमा वञ्चितीमा रहेका समुदायहरुको अर्थपूर्ण समानुपातिक सहभागिता र समान पहुँचका अवसरहरुको सुनिश्चित गर्ने ।

घ) विशेष प्राथमिकतामा रहेका लक्षित समुहहरुको क्षमता विकास तथा स्वरोजगारीका अवसरहरुको वृद्धि गर्ने ।

ङ) गाउँपालिकामा लैससास सम्वन्धी नीतिगत व्यवस्था, संरचना र कार्यक्रमहरुको प्रवर्धन गर्ने ।

च) गाँउपालिका, वडा कार्यालय र यसका शाखाहरुमा लैससास संवेदनशिल अभ्यासहरुको विकास गर्ने,

छ) गाँउपालिका र यस मातहतका योजना निर्माण प्रकृया, कार्यान्वयन, अनुगमन र मुल्यांकन प्रकृयामा लैससासमैत्री कार्यप्रणालीको विकास गर्ने ।

## ५. प्रमुख नीतिहरु

५.१ लैङ्गिक हिंसा, भेदभाव र बहिस्करणको अन्त्यका लागि न्यायमा समान पहुँच र आवश्यकता अनुसार संरक्षणात्मक उपायहरुको अवलम्वन गरिनेछ ।

५.२ लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिबृद्धि र जीवनस्तर सुधारका लागि बिशेष कार्यक्रमहरुलाई सञ्चालनमा ल्याईनेछ ।

५.३लैङ्गिक हिंसा सम्वन्धी घटनाको कानुनी तथा न्यायिक सुनुवाइको सुनिश्चितता गरी हिंसा पिडित तथा प्रभावितहरुको न्यायमा पँहुचको विकास गरिनेछ ।

५.४ सबै प्रकारका हिंसा, शोषण तथा विभेद र वहिष्करण विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्वन गरीने छ ।

५.५ आर्थिक, सामाजिक, राजनीतिक रुपले विपन्न एवं एकल महिलाहरुको लागि आय–आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यहरु कार्यान्वयनमा ल्याईनेछ ।

५.६ गाँउपालिकाको वजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई अवलम्वन गरिदै लगिनेछ ।

५.७ मानव बेचबिखन तथा गम्भिर प्रकृतिका लैङ्गिकतामा आधारित हिंसाहरुको अन्त्यका लागि टोल टोलमा समुह गठन, सचेतना अभिबृद्धीका लागि घुम्ती सूचना शिविर लगायतका कार्यहरु गरिनेछ । हिंसा पिडित तथा प्रभावितहरुका लागि अल्पकालिन तथा दिर्घकालिन संरक्षणको व्यवस्था गरिनेछ ।

५.८ परम्परागत हानिकारक अभ्यासहरुको अन्त्यका लागि समुदायको नेतृत्वमा सहभागितामुलक अभियानहरुको संचालन गरिनेछ ।

५.९ महिलाको यौन तथा प्रजनन् अधिकारको सुनिश्चित गरिनेछ । लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई निरुत्साहित गरिनुका लागि साथै विद्यमान कानुनी व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

५.१० कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार र हिंसाको अन्त्यका लागि आवश्यक पहल गरिनेछन् ।

५.११ गाँउपालिकामा विशिष्टीकृत तथ्याङ्कहरुको व्यवस्था गरिनेछ । सोही विशिष्टीकृत तथ्याङ्कहरुको आधारमा आवश्यक योजना तथा कार्यक्रमहरु तय गरी कार्यान्वयन गरिनेछ ।

५.१२ महिला, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग र विपन्न वर्गका नागरिकहरुलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट हरेक अवसरहरुमा उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिस्चितता गरिनेछ ।

५.१३ आर्थिक कृयाकलाप, उद्यमशिलता र रोजगारी लगायतका अवसरहरुमा सबै नागरिकहरुको समावेशी प्रतिनिधित्वको प्रवर्धन गरिनेछ ।

५.१४ विभिन्न जातजाती तथा समुदायको लोपोन्मुख भाषा एवं सँस्कृतिहरुको संरक्षण र संवद्र्धन गरिने ब्यवस्था मिलाईनेछ ।

५.१५ दलित, आदिवासी, जनजाती लगायत विशेष समुह समुदायहरुको परम्परागत पेशाहरुको संरक्षण, प्रवद्र्धन र आधुनिकीकरण गरी ब्यावसायीकरणमा जोड दिइनेछ ।

५.१६ हिंसा तथा दुव्र्यवहारमा परेका जेष्ठ जागरिक, महिला तथा अन्य नागरिकहरुलाई संरक्षण ,उपचार र मनोविमर्श तथा निःशुल्क सहायता उपलव्ध गराईनेछ ।

५.१७ संविधानको धारा २४ को छुवाछुत तथा भेदभाव विरुद्धको हकको आवश्यक कार्यान्वयनका सम्वन्धमा नीति, कार्यक्रम र बजेटको व्यवस्था गरी गाँउपालिकालाई छुवाछुतमुक्त घोषणा गरिनेछ ।

५.१८ निःशुल्क उपचार, विमा, औषधी तथा अन्य सेवा सुविधाका बारेमा दलित लगायत आर्थिक तथा सामाजिक रुपमा सिमान्तकृत समुदायसम्म पहुँचको विकास गरिनेछ।

५.१९ कृषि, उत्पादन, घरेलु तथा मझौला उद्योगलाई बिशेष प्राथमिकता दिई त्यस्ता कार्यहरुमा दलित तथा सिमान्तकृत समुदायको सहभागितालाई विशेष जोड दिइनेछ। उनीहरुको व्यवसाय प्रवद्र्धनका लागि बजेट तथा कार्यक्रमको व्यवस्था गरिनेछ।

५.२० गाँउपालिकाभित्र सञ्चालनमा आउने ठुला आयोजनाहरुमा दलित लगायत अन्य आर्थिक र सामाजिक रुपमा सिमान्कृत समुदायलाई प्राथमिकताका आधारमा शेयर दिने व्यवस्था मिलाइने छ।

५.२१ सामाजिक अन्तरघुलन र सद्भावलाई प्रवद्र्धन गर्नका लागि दलित र गैरदलित अन्तरजातिय विवाह गर्ने जोडीलाई गाँउपालिकाले विशेष सम्मान, सामाजिक सुरक्षा र रोजगारीको अवसरमा प्राथमिकता दिने व्यवस्था गरिनेछ।

५.२२ महिला, बालबालिका, दलित, आदवासी, जनजाति, उत्पिडित, विपन्न वर्ग, अपाङ्गता तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागिताका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

५.२३ महिला, बालबालिका, आदिवासी लगायत मानव अधिकारसँग सम्वन्धित नेपालले अनुमोदन गरेका संयुतm राष्ट्र संघ तथा अन्तराष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ।

## ६. रणनीति तथा कार्यनीतिहरु

यो नीति कार्यान्वयनका लागि निम्न राणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछ।

| रणनीती | कार्यनीती |
|---|---|
| १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणालाई नीति तथा योजना प्रकृयामा मूलप्रवाहीकरण गरिनेछ। | १. नीति, नियम, कार्यविधि आदि बनाउँदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई समावेश र सम्बोधन गरिनेछ।<br>२.तथ्याङ्क व्यवस्थापन प्रणालीमा सबै लिङ्ग तथा सामाजिक समूहहरुको खण्डीकृत तथ्याङ्क राख्ने व्यवस्था गरिनेछ।<br>३. योजना निर्माण प्रकृयामा सबै लिङ्ग तथा आर्थिक र सामाजिक समुह समुदायहरुको सहभागिता सुनिश्चित गरिनुका साथै समानुपातिक लाभ पाउने कुराको सुनिश्चिता गरिनेछ।<br>४. विकास प्रक्रियामा कोही नछुटुन् (Leave no one behind) सम्वन्धी मान्यतालाई आत्मसात गरी नीति तयार गरिनुका साथै सोही अनुसार कार्यान्वयन गरिने छ।<br>५. लैङ्गिक तथा सामाजिक हिंसाहरुमा शुन्य सहनशिलता अपनाइनेछ। |
| २. प्राविधिक तथा गुणस्तरीय शिक्षामा समावेशी पहुँच वृद्धि गरिनेछ। | १. समावेशी शैक्षिक गुणस्तर वृद्धि गर्न निरन्तर अनुगमनलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>२. प्राविधिक शिक्षामा सामाजिक र आर्थिक रुपमा वहिष्करणमा रहेका समुदायको पहुँच वृद्धि गरिनेछ।<br>३. सबै तह र सबै पृष्ठभुमीका विद्यार्थीहरुमा समान पहुँच रहनेगरी विद्युतिय सूचना प्रविधिको उपलब्धता र सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको अभ्यास हुने वातावरण तयार गरिनेछ। |

| | |
|---|---|
| ३.बालमैत्री, छात्रामैत्री तथा अपाङ्गतामैत्री शैक्षिक पूर्वाधार, सामग्री र उपकरणको व्यवस्था गरी शिक्षा प्रणालीमा समावेशिता प्रवद्र्धन गरिनेछ। | १.सबै विद्यालयमा बालमैत्री, छात्रामैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माणलाई प्राथमिकता दिइने छ।<br>२.सबै विद्यालयमा सेनेटरी प्याडको उपलब्धता र उपयुक्त प्रयोगलाई व्यवस्थित गराइने छ।<br>३. विद्यालयमा छात्र छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिनेछ। छात्राले प्रयोग गर्ने शौचालय छात्रामैत्री हुनेछन्।<br>४. अपाङ्गता भएका छात्र छात्राका लागि सहज शैक्षिक सिकाइ वातावरण तयार गरिनेछ। |
| ४. जेष्ठ नागरिकहरुको सम्मानका लागि आवश्यक व्यवस्था गरिनेछ | १.बैंकहरुसँग सहकार्यमार्फत् घुम्ती बैंकिङ सेवा विस्तार गरी सामाजिक सुरक्षा भत्ता टोलटोलमै वितरण गरी ज्येष्ठ नागरिकको जीवनमा थप सहज बनाइनेछ।<br>२. हरेक वडामा प्रतिक्षालय (फुर्सदको समयमा छलफल गर्ने तथा आराम गर्ने सामुहिक स्थल) निर्माण गरी ज्येष्ठ नागरिकहरुको ज्ञान तथा अनुभव नयाँ पीढिमा हस्तान्तरणको वातावरण सिर्जना गरिनेछ।<br>३. जेष्ठ नागरिकहरुका लागि निशुल्क स्वास्थ्य उपचार, सम्मान कार्यक्रम र जेष्ठ नागरिकहरुमाथी हुनसक्ने संभावित विभेदको अन्त्यका लागि आवश्यक नीति, कार्यक्रम र सेवाको व्यवस्था गरिनेछ। |
| ५. लक्ष्यित वर्गको सशक्तिकरण तथा क्षमता विकास गरिनेछ। | १. गाउँपालिकास्तर तथा वडास्तरमा सबै लक्षित वर्गका सञ्जाल गठन गरी कृयाशिल गराइने छ।<br>२. परम्परागत हानीकारक अभ्यासहरुको अन्त्य गर्न सचेतनासहित प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. निर्णायक तहमा लक्षित वर्गको अर्थपुर्ण सहभागिताका लागि नीतिगत तथा व्यवहारिक तहबाट अग्रसरता लिइनेछ।<br>४. लक्षित वर्गमा अधिकार र कानुनी व्यवस्थाको सम्बन्धमा क्षमता विकासका गतिविधी सञ्चालन गरिनेछ।<br>५. एकल महिला तथा विशेष प्राथमिकता समुहहरुका लागि सीपमूलक तालिम तथा अन्य क्षमता अभिवृद्धि कार्यक्रमहरुमा प्राथमिकता दिई स्वरोजगारका अवसर वृद्धि गरिनेछ। |
| ६. लक्षित वर्गलाई स्वरोजगार तथा सुरक्षाको व्यवस्था गरिनेछ। | १. महिला, दलित, अपाङ्गता भएका व्यक्ति र विशेष समुह समुदायहरुको स्थानीयस्तरमा रोजगारीका अवसरका सृजना गर्न आवश्यक तालिम तथा प्रोत्साहनका अवसर उपलब्ध गराइनेछ।<br>२. लैङ्गिक हिंसाका घटना पिडित तथा प्रभावितहरुका लागि आवश्यकता अनुसार सुरक्षित गृहसहित जिविकोपार्जन कार्यक्रमको व्यवस्था गरिनेछ।<br>४. अनाथ तथा असहाय जेष्ठ नागरिकको लागि उचित व्यवस्था सहितको आवासिय सेवा उपलब्ध गराइने छ। |

## ६. लैससास नीतिको कार्यान्वयन र अनुगमन तथा मुल्यांकन

### ६.१ लैससास नीतिको कार्यान्वयन

गाउँपालिकामा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामार्फत आवश्यक कर्मचारी र स्रोतको व्यवस्था गरी नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ । लैससास सम्पर्क बिन्दुको व्यवस्था गरिनेछ । सम्वन्धित शाखा तथा सम्पर्क विन्दुमार्फत लैससास सवालहरुको सम्वोधन गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न विशेषत  निम्नानुसारका कार्यहरू समेटिनेछन्

- लैससाससँग सम्वन्धित नीतिगत व्यवस्थाहरु गर्ने,
- गाउँपालिकामा लैससास वा सम्वन्धित फोकल शाखाको सुदृढीकरण गर्ने,
- लैससासलाई सम्पर्क विन्दुको व्यवस्था गर्ने,
- महिला, दलित, आदिवासी, जनजाति लगायत विशेष समुह समुदायहरुको सशक्तिकरणका लागि विशेष समन्वय समितिहरुको गठन र कृयाशिलता,
- गाउँ कार्यपालिका तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिको गठन गरी नीतिगत तहमा प्रभावकारी संरचना तयार गरी कृयाशिल वनाउने,
- न्यायिक समितीलाई समेत लैससाससँग सम्वन्धित सवालहरुमा कृयाशिल वनाउने,
- लैससाससँग सम्वन्धित विषयवस्तु तथा सवालहरुमा जनप्रतिनिधी, कर्मचारी, सरोकारवालाहरु तथा नागरिकहरुको क्षमता विकास गर्ने,
- वडा समितीहरुको सहजीकरणमा सबै वस्ती तहमा विभिन्न समूहहरूको प्रतिनिधित्व हुनेगरी लैससास मूलप्रवाहीकरण संयन्त्रहरुको व्यवस्था गर्ने,

- विकास प्रक्रियामा कोही नछुटुन् (ःभबखभ लय यलभ दभजष्लम) सम्वन्धी मान्यता गाँउपालिकाका नीति तथा कार्यक्रममा आत्मसात गरीनेछ।
- लैङ्गिक तथा सामाजिक हिंसाहरुमा शुन्य सहनशिलतालाई प्रवर्धन गरिनेछ।

**६.२ लैससास नीतिको अनुगमन तथा मुल्यांकन**

- यो नीतिको कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मूल्याङ्कन योजना तय गरिएकोछ।

| **अनुगमन र मुल्यांकन** | **समयविधि** | **जिम्मेवारी** |
|---|---|---|
| त्रैमासिक प्रगति समिक्षा | प्रत्येक तिन तिन महिनामा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| अनुगमन | नियमित तथा निरन्तर | गाउँपालिका, सरोकारवालाहरु र सामाजिक संघ संस्थाहरु सहित अनुगमन समिति गठन गरी कृयाशिल बनाउने |
| वार्षिक समिक्षा तथा वार्षिक कार्य योजना तर्जुमा | प्रत्येक वर्षको जेठ मसान्त भित्र | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| लैससाससंग सम्बन्धित तथ्याकहरुको अद्यावधिक | प्रत्येक छ छ महिनामा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तथा सम्बन्धित शाखाहरु |
| लैससाससंग सम्बन्धित वार्षिक स्थिती पत्र प्रकाशन गर्ने | वार्षिक | गाउँ कार्यपालिका तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति |
| नीतिको कार्यान्वयन र उपलब्धीका सम्बन्धमा सार्वजनिक सुनुवाई | वार्षिक | गाउँपालिका तथा वडा कार्यालयहरु |

**७. नीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरु**

परम्परागत हानीकारक अभ्यास तथा समाजमा रहेका हिंसा, विभेद लगायतका अभ्यासहरुले लैससासमा शुरुमा सबैको साथ नरहन पनि सक्दछ । समाजमा विभिन्न खालका लैससासविरुद्धका गतिविधी भईरहदा पनि यस्ता सवालमा आवाज दिनका लागि समाज तयार नहुन सक्दछ । समाजमा हिंसा, विभेद भएको अवस्थामा पनि सरोकारवालाहरु चुप रहन सक्दछन् । यस्ता जोखिमहरुको न्युनिकरणका लागि जनप्रतिनिधिहरुको नेतृत्वमा सामुहिक प्रतिवद्धता अभियान संचालन गरिनेछ । गाँउपालिकाले विभिन्न सरोकारवालाहरुको समन्वयमा नियमित अनुगमन गर्नेछ । गाँउपालिकाका नीति, योजना र कार्यक्रममा विशेष लक्षित समुहको सर्वोत्तम हित प्राथमिकतामा रहनेछ । विशेष लिंग, समुह, समुदायमाथी हुने कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा गाँउपालिकाले शुन्य सहनशिलता अवलम्वन गर्नेछ ।

**८. नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन**

यो नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गाँउपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि गाँउपालिकाले विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

**९. लैससास अभियानका लागि सरोकारवालाहरु**

लैससास नीतिको कार्यान्वयनका लागि यससँग सम्वन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि वडागत मुख्य सरोकारवालाहरुको पहिचान वार्षिक रुपमा गरिने छ । यीनै सरोकारवालाहरुसँगको समन्वय, साझेदारी र नेतृत्वमा यो नीतिलाई कार्यान्वयनमा ल्याइने छ । नीतिको कार्यान्वयनका लागि गाँउपालिका र वडा दुवै तहमा लैससास वहुसरोकारवाला भेला, वहुसरोकारवालाको संयन्त्र गठन र कृयाशिलता गराइनेछ ।

**१०. नीतिको प्रचार प्रसार**

स्थानिय संचार माध्यमहरुसँग सहकार्यता गरी लैससास नीति र यसका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । गाँउपालिकाको वेभसाइट, सोसल मिडिया साइटहरुमा यस लैससास नीतिमा भएका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । गाँउपालिकाका विभिन्न कार्यक्रमहरुमा पनि यो लैससास नीतिको व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ ।

**११. नीतिको पुनरावलोकन**

यो नीतिको प्रत्येक वर्ष वार्षिक समिक्षा गरी समयक्रमअनुसार गर्नुपर्ने पुनरावलोकन गरिनेछ । वार्षिक समिक्षाबाट प्राप्त सुझावहरुलाई गाँउ कार्यपालिकामा पठाई कार्यपालिकाबाट पारित गरी गाँउ सभामार्फत नीतिको पुनरावलोकन सहित कार्यान्वयन गरिनेछ ।

**१२. मुल्य मान्यताहरु**

लैससासको प्रवर्धनका लागि यस गाँउपालिको निम्न मुल्य मान्यताहरु रहेका छन् । यिनै मुल्य मान्यताको प्रवर्धनमार्फत यो लैससास नीतिका उद्देश्यहरुको प्राप्तिका लागि योगदान पुर्याइनेछ ।

क. गाँउपालिकाको अगुवाईमा उपलब्ध श्रोत तथा साधनहरुको लैससास अभियानमा बढी भन्दा बढी प्रयोग गर्ने,

ख. गाँउपालिकामा सबै खालका दुव्र्यवहार, विभेद, शोषण, हिंसामा शुन्य सहनशिलता अपनाउने,

ग. विशेष लक्षित समुहको सर्वोत्तम हित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

घ. लैसासासका लागि प्रभावकारी समन्वय र सहकार्यलाई प्रवर्धन गर्ने

ङ. लैससासलाई नीति, संरचना र अभ्यासमा मुलप्रवाहीकरण